अवधारणा पत्र

**"गरिबी विरुद्धको महिला ईजलास"**

२० नोभेम्बर २०१७

## महिला ईजलासको पृष्ठभूमि

महिला ईजलासको माध्यमबाट महिलाहरुले आफ्नो जीवनका फरक अनुभव र भोगाईहरु एक अर्कामा साटासाट गर्न सक्दछन् । महिला ईजलासमा विभेदकारी सामाजिक, आर्थिक तथा राजनैतिक अभ्यासका कारण महिलाहरुले कस्ता खालका थप विभेद, हिंसा र शोषणहरु भोग्नु परेको छ भन्ने सवालहरुमा आफै प्रत्यक्ष रुपमा सहभागी भई छलफल गरी उक्त शोषण विरुद्ध रणनैतिक निकासहरु निकाल्न मद्दत पुग्दछ । ईजलासमा प्रस्तुत हुने घटना तथा महिलाहरुको अनुभवका आधारमा नेपाल सरकार तथा अन्य सरोकारवाला निकायहरुलाई उक्त सवालहरुको सम्बोधनका लागि सुझाव/सिफारिसहरु तयार गरि पेश गरिन्छ । छलफल भएका सवालहरु तथा पेश गरिएका सुझाव/सिफारिसहरुलाई महिलाको न्याय सुनिश्चितका लागि नीति निर्माणकर्ताहरुलाई नीति बनाउन तथा भएका नीति नियमहरुको प्रभावकारी कार्यान्वयनका लागि सचेत बनाउन पैरवी संयन्त्रको रुपमा प्रयोग गर्न सकिन्छ । महिलामाथि हुने सबै प्रकारका हिंसाहरुको अन्त्य, सामाजिक वहिष्करण र लैगिंक विभेदमा आधारित हिंसाको अन्त्यका लागि समेत तयार गरिएको सुझाहरुलाई प्रयोग गर्न सकिन्छ ।

## अवस्था विश्लेषण :सामाजिक, आर्थिक तथा राजनीतिमा महिलाको पहुँच

नेपालको कुल जनसङ्ख्याको आधाभन्दा बढी हिस्सा महिलाले ओगटेको भए तापनि सामाजिक, आर्थिक, राजनीतिक, प्रशाासनिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा महिलाको पहुँच र उपस्थिति ज्यादै न्यून रहेको छ । पित्तृसतात्मक सोच  र मूल्य मान्यताबाट निर्देशित सामाजिक, आर्थिक तथा राजनैतिक मूल्य मान्यताका कारण महिलाहरू राज्यका हरेक पक्षमा पछाडी पारिएका छन् ।  उनीहरू दोस्रो दर्जाको नागरिकको रूपमा बाँच्न बाध्य पारिएका छन् ।

देशको लोकतान्त्रिक आन्दोलनलाई सफल बनाउन महिलाहरुले सँधै जिम्मेवारी र महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएतापनि आन्दोलन पश्चात उनीहरुको योगदानको उचित कदर नगरी सँधै पाखा लगाइएको छ । राजनैतिक व्यवस्थाले समेत सँधै महिलाहरुलाई पछाडी पार्ने काम गरिएको छ भन्दा फरक पर्दैन । किनकी भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा प्रमुख पदहरुमध्ये एक प्रमुख पदमा महिला सहभागीतालाई संविधानले नै सुनिश्चत गरेको थियो । यद्यपी महिला भनेको सधै पछाडि नै हो भन्ने मानसिकता बोकेको राजनैतिक पद्दतिका कारण महिलाहरुलाई उप-प्रमुखको पदमा नै सिमित रहन बाध्य गराईयो र पुन एकपटक महिलालाई दोस्रो पदमा नै सिमित गराईयो ।

अधिकाशं विकासशील देशहरूमा महिलाको भूमिकालाई कमजोर बनाइए जस्तै नेपालमा पनि महिलाहरूको अवस्था कमजोर पारिएको पाईन्छ ।  नेपालको सन्दर्भमा महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक हैसियतलाई अझ बढी कमजोर बनाउनका लागि विद्यमान कतिपय विभेदपूर्ण कानुनहरू, नीति तथा राज्यका परम्परागत संयन्त्र र व्यवस्थाहरू एवं पितृसत्तात्मक सोंचले नै मलजल पुऱ्याएका छन् । जसको फलस्वरुप महिलाले गर्ने काम (care and agriculture work) लाई हालसम्म पनि **"उत्पादनशिल कार्यको रुपमा"** मान्यता दिईएको

छैन । उत्पादनका हरेक कार्यमा महिलाको प्रमुख भूमिका रहन्छ । यद्यपी महिलाहरुले गर्ने कार्यलाई केवल सेवामूलक कार्यको रुपमा सिमित गरिएको छ ।  महिलाले गरिरहेको कार्यले समग्र रुपमा देशको कुल ग्राहस्थ उत्पादनमा योगदान पुऱ्याउँछ । यद्यपी महिलाले गर्ने कामको मान्यता र सम्मान हुन सकेको छैन । कानुनमा महिलाका लागि समान सम्पत्तिक अधिकारको व्यवस्था भए तापनि छोरासरह छोरीले पैतृक सम्पत्ति प्राप्त गर्न सहज छैन र भएका आर्थिक अधिकारहरूलाई पनि व्यवहारमा बदल्न अझै कठिनाइ रहेको अवस्था छ ।

देशको समग्र गरिबीको स्थितिले महिला विकासको क्रमलाई पनि प्रभाव पार्दछ । नेपाल जीवनस्तर सर्वेक्षणअनुसार पछिल्ला वर्षहरूमा नेपालमा गरिबीको सङ्ख्या घट्दो क्रममा रहेको पाइन्छ । जसअनुसार २०५२/०५३ मा शहरी क्षेत्रको तथा ग्रामीण क्षेत्रको गरिबीको दर ४१.७६ र ४३.२७ प्रतिशत रहेको थियो भने सो दर घटेर २०६७/०६८ मा आएर २५.१६ र २७.४३ प्रतिशतमा झरेको देखिन्छ । त्यस्तैगरि घरमुलीको भूमिकामा रहेका महिलाको सङ्ख्या सन् २००१ मा १४ प्रतिशत थियो । अहिले वृद्धि भएर २५ दशमलव ७३ पुगेको छ । सहरी क्षेत्रमा २८ दशमलव १ प्रतिशत र ग्रामीण क्षेत्रमा २५ दशमलव २ प्रतिशत महिला घरमुलीको भूमिकामा छन् ।  सन् २०११ को जनगणनाको नतिजा अनुसार महिला घरमुलीको प्रतिशत सन् २००१ को तुलनामा १४ प्रतिशतबाट बढेर २६ प्रतिशतभन्दा माथि देखिएको छ ।  नेपालमा गरिबीको रेखामुनिको जनसङ्ख्या दर सकारात्मक दिशातर्फ उन्मुख भएको प्रतित भएपनि महिलाहरूको स्थितिमा तात्विक भिन्नता भने आंकलन गर्न सकिएकोछैन ।[1]

**जीवनस्तर (गरिबीको दर प्रतिशतमा)**

| क्षेत्र | २०५२/०५३ | २०५९/०६० | २०६७/०६८ |
|---|---|---|---|
| सहरी क्षेत्र | ४१.७६ % | ३०.८५ % | २५.१६ % |
| ग्रामीण क्षेत्र | ४३.२७ % | ३४.६२ % | २७.४३% |

देशका कुल परिवारको १९.७१ प्रतिशत परिवारहरूमा महिलाको नाममा घर वा जग्गा रहेको देखिएकोछ । गत २०५८ सालको जनगणनामा महिलाको नाममा घर वा जग्गा भएका परिवारहरू ९.११ प्रतिशत मात्र थिए । यसले अब बिस्तारै जमिन तथा भवनमा महिलाहरूको स्वामित्व बढ्दै गइरहेको देखाउँछ । सहरी क्षेत्रमा घर तथा जमिनमा २६ दशमलव ७७ प्रतिशत महिलाकोस्वामित्व छ भनेग्रामीण क्षेत्रमा १८ दशमलव शून्य दुई प्रतिशत महिलाको स्वामित्व रहेकोछ ।[2]

माथिका यी सम्पुर्ण तथ्याकंहरुले महिलाको सम्पत्तिमा पहुँच बृद्धि भएको त देखिन्छ । तर आज पनि कुनै महिलामाथि हिंसा हुन्छ भने उसले नै साना लालाबाल सहित असुरक्षित रुपमा घर छोडेर हिड्नुपर्ने बाध्यात्मक स्थिति छ । आफ्ना सन्तानको पढाई लेखाई र उज्जल भविष्यको लागि महिलाले आफ्ना नाममा रहेको सम्पत्तिको बेचबिखन गर्ने निर्णय लिने अधिकार महिलासँग छैन । तसर्थ वास्तविक रुपमा हेर्ने हो भने  महिलाको उक्त सम्पत्तिमा नियन्त्रणको अधिकार भने सुनिश्चित हुन सकेको छैन ।

कृषि प्रधान देश नेपालमा महिलाहरू एउटा प्रमुख आर्थिक शक्ति हुन् । कृषिको रूपान्तरण, औद्योगिकीकरण, सामाजिक तथा आर्थिक व्यवस्थाहरूमा भएका संरचनात्मक परिवर्तन र अन्य कानुनी व्यवस्थाहरूमा भएका

[1] नेपाल जीवनस्तर सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभाग ।
[2] राष्ट्रिय जनगणना, २०६८ ।

सकारात्मक प्रयासहरूले महिलाहरूको भूमिकालाई फराकिलो र महत्वपूर्ण पार्दै गएकोछ । पछिल्लो तथ्याङ्कअनुसार ५५ दशमलव २ प्रतिशत महिला कृषिबाट र ४४ दशमलव ८ प्रतिशत महिला गैरकृषिबाट आम्दानी गर्छन् ।[3] महिलाको श्रम र योगदानका कारण परिवारको आय श्रोत बृद्धि हुन्छ तर उत्पादन भएका सामाग्रीहरु बिक्रि वितरण गर्ने अधिकार नहुँदा महिलाहरु आय विहीन भई गरिबिको जीवन बिताउन बाध्य छन् ।

आर्थिक वर्ष २०६८/६९ मा प्रतिव्यक्ति कुल ग्राहस्थ उत्पादन प्रचलित मूल्यमा रु. ५७७२६ (यु.एस. डलर ७३५) रहेको अनुमान गरिएको छ । आ.व. २०६८/६९ मा नेपालको आर्थिक वृद्धि दर प्रतिवर्ष ४.६३ प्रतिशत रहेको अनुमान गरिएको छ । नेपाल जीवनस्तर सर्वेक्षण ०६०/६१ अनुसार नेपालमा गरिबीको रेखामुनि रहेका जनसङ्ख्या ३०.८ प्रतिशत रहेकोमा पछिल्लो नेपाल जीवनस्तर सर्वेक्षण ०६७/६८ अनुसार योआँकडा २५.१६ मा प्रतिशतमा झरेको[4] तथा पारिवारिक उपभोगकोवितरणमा रहेको असमानता (गीनी) सूचकाङ्क ०.३२८ रहेकोछ ।[5] नेपाली महिलाको वार्षिक प्रतिव्यक्ति आय रु. १ हजार ७ सय ८६ छ भने पुरुषको रु. ४ हजार ४ सय २५ छ ।[6] बढीभन्दा बढी नेपाली महिलाहरूलाई घरभित्रको काममा व्यस्त गराईने हुनाले उनीहरूको कार्य, समय, क्षेत्र र आर्थिक योगदानको उल्लेख गरिँदैन । घरभित्रको कामहरूलाई केवल सेवामूलक कार्यको रुपमा मात्र सिमित गरी महिलाको कामको मूल्य निर्धारण नगरिएको हुँदा यसरी महिलाले गरेको कामलाई राष्ट्रिय योगदानमा समावेश गरिएको छैन । यसले गर्दा उनीहरूले चौविसै घण्टा काम गरे तापनि आर्थिक उपार्जनको हिसाबले उनीहरूको योगदानको कुनै कदर र सम्मान गरिएको छैन ।

**अन्तराष्ट्रिय स्तरबाट नेपाल सरकारलाई प्रदान गरिएको सुझाव तथा सिफारिशहरु**

**महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी अन्तर्गतको नेपालको चौथो र पाँचौ संयुक्त आवधिक प्रतिवेदनमाथि महिला विरुद्ध भेदभाव उन्मूलन समितिले दिएको**

**निष्कर्ष सुझाव, २०६८**

**गरीबीको अवस्थामा रहेको महिला**

३७. महिला विकास कार्यक्रमको कार्यान्वयनको स्वागत गर्दै समिति गरीबीको अवस्थामा रहेका महिलाहरुको समग्र जीविकाको अवस्था खासगरी ग्रामीण महिला र घरमुली भएका महिला र उनीहरुको भूमि, पर्याप्त खाना, असुरक्षित पिउने पानी, पकाउनका लागि र तातोका लागि यन्धनको अपर्याप्तता प्रति सरोकार व्यक्त गर्दछ । साथै समितिले परिवारभित्र बालिका र महिला विरुद्ध खानामा रहेको भेदभाव प्रति पनि सरोकार व्यक्त गरेको छ ।

३८. समिति पक्ष राज्यलाई देहायका कार्यहरु गर्न सुझाव गर्दछ :

क) गरीबी निवारण र लैगिंक असमानता घटनाउने तर्फ केन्द्रित रही समष्टिगत अर्थतन्त्र, सामाजिक र क्षेत्रगत नीतिहरु तर्जुमा गर्ने र कार्यान्वय गर्ने साथै फराकिलो तथा दिगो आर्थिक बृद्धिलाई प्रोत्साहन गर्ने तथा जनकेन्द्रित दिगो विकास हासिल गर्नका लागि बनाइएको समग्र संरचनामा गरीबीका संरचनागत धारणाहरुलाई सम्बोधन गर्ने ।

[3] राष्ट्रिय जनगणना, २०६८ ।
[4] नेपाल जीवनस्तर सर्वेक्षण, ०६७/६८ ।
[5] नेपालकोराष्ट्रिय जनगणना, २०६८ ।
[6] नेपालकोराष्ट्रिय जनगणना, २०६८ ।

ख) महिलालाई भूमि र ऋणमा पहुँच प्रबर्द्धन गर्ने र लघु उद्यम विकास तथा व्यवस्थापनको प्रबर्द्धन लगायत कार्य गरी महिलाको दिगो आर्थिक विकासका पहलहरुलाई सुदृढ तुल्याउने र ती कार्यक्रमहरुबाट सिर्जित प्रतिफलको अनुगमन गर्ने ।

ग) महिलालाई भू-स्वामित्व दिलाई तथा सुरक्षित पिउने पानी र इन्धनमा पहुँच उपलब्ध गराई उनीहरुलाई स्रोत र पौष्टिक खाना निषेध गर्ने भेदभावपूर्ण व्यवहारको अन्त्य गरी त्यस्तो स्रोत र खानामा समान पहुँच सुनिश्चित गर्ने ।

घ) नयाँ संविधानमा पर्याप्त खानालाई अधिकारको रुपमा व्यवस्था गर्ने ।

**संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध, १९६६**

**नेपालको तेस्रो आवधिक प्रतिवेदनको निष्कर्षात्मक टिप्पणी**

**गरिबी**

२२. गरिबी निवारणका कदमहरूलाई सराहना गर्दै पक्षराष्ट्रका २५ प्रतिशत जनता, विशेष गरी सुदूर पूर्व र अत्यन्त पिछडिएका समूह, जस्तै पहाड र तराईका दलित साथै ग्रामीण तथा दुर्गम क्षेत्रका महिला र आदिवासी जनजाति, गरिबीको रेखामुनि रहेकोमा समिति सरोकार व्यक्त गर्दछ । ती समूहले जमिन तथा सम्बन्धित श्रोत, जीविकोपार्जन र आयमूलक गतिविधिमा पहुँच र स्वामित्व नभएका कारणले गरिब रहनु परेको तथ्यप्रति समिति सरोकार व्यक्त गर्दछ। (धारा ११)

क. गरिबी निवारण गर्न मानवअधिकारमा आधारित दृष्टिकोण लागू गर्न,

ख. गरिबी निवारण कोषमा, विशेष गरी अत्यन्त सीमान्तकृत तथा  पिछडिएका समूह जस्तै : पहाड र तराईका दलित साथै ग्रामीण तथा दुर्गम क्षेत्रका महिला र आदिवासी जनजातिको, गरिबी निवारण गर्ने कार्यक्रम समेटी गतिविधिहरू सुदृढ पार्न,

ग. उल्लेखित समूहको जग्गामा पहुँच र स्वामित्वका साथै आयमूलक गतिविधिलाई सहजीकरण गर्न पक्षराष्ट्रलाई समितिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको मे ४, २००१ को घोषणापत्र (E/ c.12/ 2001/ 10) विचारार्थ अनुरोध गर्दछ ।[7]

**दिगो विकासका लक्ष्यहरु**

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नु पर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप लक्ष्यहरू पारित गरेको छ । यी लक्ष्यहरूले विशेष गरेर (मूलभूत रुपमा) हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिवीको अन्त्य गर्दै स्वास्थ्य जीवनयापनका लागि परिकल्पना गर्दछ । साथै यी लक्ष्यहरुले गरिवीको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपांगता भएका व्यक्तिहरु, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तैः दलित, जनजाति, आदिवासीहरुको आवश्यकता र सहस्राब्दी विकास लक्ष्यले पूरा गर्न नसकेका र नसमेटेका पक्षहरूलाई पनि पूरा गर्ने र समेट्ने उद्देश्य राखेको छ ।

**लक्ष्य नं १ गरिवीको अन्त्यः**

---

[7] **Committee on Economic, Social and Cultural Rights, Concluding observations on the third periodic report of Nepal***, 12 December 2014

**उप लक्ष्य १.२** : राष्ट्रिय परिभाषा अनुसार गरिवीका सम्पूर्ण आयामहरुभित्र रहेर जीवन बिताईरहेका सबै उमेरका पुरुष, **महिला र बालबालिकाको** अनुपात सन् २०३० सम्म कम्तिमा आधा घटाउने ।

त्यसै गरी **उपलक्ष्य १.४** : सम्पूर्ण पुरुष एवं महिलाहरु अझै बिशेष गरी गरिव र जोखिमपूर्ण अवस्थामा रहेकाहरुको आर्थिक श्रोतहरुमा समान अधिकारका साथै आधारभूत सेवाहरु जमिन, सम्पत्ति अन्य संरचना तथा स्वरुपहरुमा नियन्त्रण एवं स्वामित्व, विरासत, प्राकृतिक श्रोत साधनहरु उपयुक्त नयाँ प्रविधि र लघुवित्त समेत वित्तिय सेवाहरुमा सन् २०३० सम्ममा पहुँच सुनिश्चित गर्ने ।

**उप लक्ष्य १.ख** : गरिवी अन्त्य गर्ने कार्यहरुमा बढी भन्दा बढी लगानी प्रवर्द्धन गर्न गरिबमुखी र लैङ्गिकमैत्री विकास रणनीतिमा आधारित राष्ट्रिय, क्षेत्रीय तथा अन्तरराष्ट्रिय स्तरमा स्पष्ट नीतिगत खाका तर्जुमा गर्ने ।

**ईजलासको प्रमुख उद्देश्य :**

महिलाहरुको आर्थिक स्रोतहरुमा समान अधिकारका साथै आधारभूत सेवाहरु, जमिन तथा सम्पत्तिका अन्य संरचनाहरुमा नियन्त्रण एवं स्वामित्व र पहुँच सुनिश्चित हुन सकेको छैन, महिलाले गर्दै आएको कार्यको पहिचाना र मूल्य निर्धारण हुन सकेको छैन । जसका कारण  पुरुषको तुलनामा महिलाहरु बढी गरिब छन् र गरिबीका सबैभन्दा बढी जोखिम महिलाहरुहरुले भोग्दै आउँनु परेको छ । **यसर्थ यस ईजलासको प्रमुख उद्देश्य गरिबीका कारणले महिलामाथि हुने हिंसाका फरक सवालहरुको उठान गरि संरचनात्मक परिवर्तनका लागि पैरवी गर्ने रहेको छ ।**

**विशिष्ट उद्देश्यहरु :**

- गरिबीका कारण महिलामाथि हुने हिंसाको अवस्थाका बारेमा सम्बन्धीत सरोकारवालाहरुलाई सुचित गरी प्रभावितहरुको न्याय प्राप्ति गर्ने अधिकार सुनिश्चितताका लागि आधार तयार गर्ने ।

- गरीबीका कारण महिलामाथि हुने हिंसाका सवालहरु सम्बोधनका लागि स्थानीय देखि राष्ट्रिय तहसम्म योजनाहरु निर्माण प्रक्रियामा सहयोग पुऱ्याउने ।
- गरीबीका कारण महिलामाथि हुने हिंसाका सवालहरु सम्बोधनका लागि सम्बन्धीत निकायहरुलाई सुझाव पेश गर्ने ।

**महिला ईजलासको प्रक्रिया/स्वरुप**

महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजाल, महिला पुनर्स्थापना केन्द्र (ओरेक), महिलाका निम्ति महिला मञ्च, महिला अधिकार मञ्च, पौरखी, शक्ति समूह, नेपाल अपाङ्ग महिला सङ्घ, नेपाल महिला एकता समाज, होमनेट, शक्ति मिलन समाज लगायतका १० वटा संस्थाहरुको संयुक्त आयोजनामा यस महिला ईजलासको आयोजना गरिनेछ । जसमा ७ देखि महिला अधिकार र मानव अधिकारका क्षेत्रका क्रियाशिल महिला मानव अधिकार रक्षकहरु तथा मानव अधिकार रक्षकहरु निर्णायक मण्डली (Jury) रुपमा रहनुहुनेछ ।

महिला ईजलासमा ५० भन्दा बढी घटनाहरु प्रस्तुत हुनेछ जसमध्ये १० जना महिलाले सुनुवाई प्रक्रियामा आफुमाथि भएको हिंसाका बारेमा बोल्नुहुनेछ । महिलाको ईच्छा अनुरुप खुला वा गोप्य रुपमा घटना प्रस्तुत गर्ने व्यवस्था मिलाईनेछ ।

मानव अधिकार आयोग, महिला आयोग लगायत सम्बन्धीत मन्त्रालयहरुको कार्यक्रममा उपस्थित हुनेछ र यी सबै प्रक्रियामा सम्बन्धीत सरोकारवालाहरु स्रोताको रुपमा रहनुहुनेछ ।

निर्णायक मण्डलीले सबै घटनाहरु सुनिसकेपछि उक्त घटनाहरु सम्बोधनका लागि कस्तो संयन्त्रको विकास हुनुपर्छ र प्रभावितको न्यायका लागि के कस्ता पहल (तत्कालीन/दिर्घकालीन) आवश्यक छ सोको निर्णय गर्नेछ । यसका साथै निर्णायक मण्डलीले राज्यलाई विशेष सुझाव तथा सिफारिसहरु पनि प्रदान गर्नेछ ।  जुन सम्बन्धित मन्त्रालयहरु, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग तथा अन्य सम्बन्धित निकायहरुमा पेश गरिनेछ ।

**सहभागीहरू**

“महिला ईजलासमा” गरिबी र यसले महिलाको जीवनमा पारेको असर विषयमा महिलाका साझा सवाल वा आवाज उठाउने राष्ट्रिय कार्यक्रम हो । विशेष रूपमा समुदायस्तरमा काम गरिरहेका सीमान्तिकृत समुदायका महिला, तेस्रो लिङ्गी, आफ्ना जीवन, जीविकोपार्जन अधिकार, र पहिचानको अधिकार सुनिश्चितता आदि सवालमा काम गरिरहेका महिलाहरू यसमा सहभागी हुनेछन् ।

महिलाका सवाललाई संवेदनशिल रुपमा महिलावादी सोचबाट उठाईरहेका वा प्रत्यक्ष रुपमा काम गरिरहेका व्यक्तिहरु महिला ईजलासका **जुरीको** समुहमा रहनेछन् जसले कार्यक्रममा प्रस्तुत हुने घटना अध्ययनका आधारमा त्यस्ता किसीमका घटनाहरु नहुने वातावरण निर्माणका लागि सुझाव/सिफारिसहरु तयार गर्नेछन् ।

नागरिक समाजका प्रतिनिधीहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनीधिहरु, महिला मानव अधिकार रक्षकहरुको पनि कार्यक्रममा उपस्थिति रहनेछ ।

**महिला ईजलास संयोजन समिति**

महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजाल, महिला पुनर्स्थापना केन्द्र (ओरेक), महिलाका निम्ति महिला मञ्च, प्ररणा, पौरखी, शक्ति समूह, नेपाल अपाङ्ग महिला सङ्घ, नेपाल महिला एकता समाज, होमनेट, शक्ति मिलन समाज

**थप जानकारीको लागि ठेगाना महिला ईजलास सचिवालय**

ओरेक, बालकुमारी, ललितपुर

फोन : ०१ ५१८६३७४/५१८६६०७३, ९८५१२२८३०३ (संजिता तिम्सिना)

ईमेल : sanjita@worecnepal.org

DRAFT